बैठक संख्याः-४१

आज मिति २०८० साल पौष १३ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. कार्यबाहक वडा अध्यक्ष | श्री ओमनाथ गौतम | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं. २ -** आगामी आ.ब. ०८१/०८२ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान कार्यक्रमको लागि बिर्तामोड नगरपालिका वडा नं १० मोहनचोकबाट लक्ष्मी नारायण आधारभूत विद्यालय हुँदै जाने सडक निर्माण गर्ने योजना तथा कार्यक्रम प्रस्ताव तयार गरि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३-** आगामी आ.ब. ०८१/०८२ को लागि तराई मधेश समृद्धि कार्यक्रममा यस नगरपालिकामा बसोबास गर्ने अति विपन्न लक्षित समुदायको लागि घर निर्माण गर्न लागत स्टमेट अनुसार आवश्यक रकम रु २ करोड ८५ लाख मध्ये नगरपालिको तर्फबाट ३० प्रतिशत रकम रु.८५,५०,०००।- (अक्षेरेपी पचासी लाख पचास हजार) साझेदारी रहने र तराई मधेश समृद्धि कार्यक्रम मा रु. १,९९,५०,०००।- (अक्षेरेपी एक करोड उन्नसय लाख पचास हजार) बिपन्न आवास कार्यक्रम लागि प्रस्ताव पठाउने निर्णय गरियो।

**निर्णय नं. ४ -** बिर्तामोड नगरपालिकाको भू उपयोग योजना तर्जुमा आधार पत्र २०८० मा थप छलफल तथा परामर्श गरी आगामी बैठकबाट आवश्यक कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.५ -**बिर्तामोड नगरपालिकाको एकीकृत पर्यटन विकास योजना २०८० सम्बन्धमा प्राप्त भएका सुझावहरुलाई समेटी संशोधन सहित विस्तृत परियोजना स्वीकृत गरी आवश्यक कार्यान्वयनका लागि पूर्व सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयारीको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६-** बिर्तामोड नगरपालिका वडा नं ७ मा रहेको नेत्रपार्क सामुदायिक बन तथा हरियाली क्षेत्रमा पिकनिक स्पोर्ट तथा पर्यटकीय पूर्वाधार निर्माणका लागि बिस्तृत परियोजना प्रस्ताब अनुसार चालु आर्थिक वर्ष ०८०/०८१ मा नेपाल सरकार तराई मधेश समृद्धि कार्यक्रममा रु १ करोड बजेट मागका लागि प्रस्ताब पठाउने निर्णय गरियो।

**निर्णय नं. ७ -** बिश्व बैकको आर्थिक सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना काठमाडौ मार्फत् बिर्तामोड नगरपालिका अन्तर्गत सञ्चालित बुट्टाबारी प्याकुरेल चोक सडक निर्माण उपआयोजनाको नियमित सघन अनुगमन एवं गुणस्तर जाँचका लागि १ जना सडक सँग सम्बन्धित विज्ञ इन्जिनियर आवश्यक भएकाले बिशेषज्ञ सेवाका लागि दिईने सेवा सुविधा प्रदान गरी आयोजना सञ्चालन अवधिभरको लागि नियुक्त गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

CamScanner

**निर्णय नं.८-** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रक्रिया पुगी आएका देहायका फर्महरुलाई **बिर्तामोड नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५** को दफा २ बमोजिम निर्माण सम्बन्धी कार्य गर्न ईजाजत स्वीकृत दिने निर्णय गरियो।

**देहाय**

१. देउसाली कन्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि. बि.न.पा ४ झापा।
२. विश्वमित्र इन्फ्रास्टक्चर डेभलपमेन्ट प्रा.लि. बि.न.पा ५ झापा।
३. नम शिवाय कन्ट्रक्सन प्रा.लि. बि.न.पा १ झापा

**निर्णय नं. ९ -(विविध)**

**क)** चालु आ.ब. ०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नगर अस्पतालका लागि बिनियोजित बजेट रु. १ करोड ५० लाखबाट खर्च गर्ने गरी नगर अस्पतालका लागि १ थान एम्बुलेन्स खरिदको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**ख)** बिर्तामोड नगरपालिका क्षेत्र भएर बग्ने देवनीया खोलाको बिभिन्न स्थानमा च्यानलाईज गरी नदीजन्य सामाग्री उत्खनन् तथा संकलन कार्य गर्न वातावरण संरक्षण नियमावली, २०७७ तथा बिर्तामोड नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०८० को अनुसूची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न भई प्राप्त भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**ग)** बिर्तामोड नगरपालिकाको मर्मत संभारकोष सञ्चालन कार्यविधि मस्यौदा, बिर्तामोड नगरपालिकाको खरिद नियमावली मस्यौदा, बिर्तामोड नगरपालिकाको कार्य सञ्चालन निर्देशिकाको मस्यौदा छलफलका लागि विद्ययेक समितिमा पठाउने निर्णय गरियो।

**घ)** नेपाल आदिबासी जनजाती महासंघले बिर्तामोड नगर दोस्रो पर्यटकीय महोत्सव २०८० आयोजना गर्न पेश गरेको प्रस्ताव अनुसार उक्त महोत्सव सञ्चालनका लागि बिर्तामोड नगरपालिकाको आ.ब. ०८०/८१ का लागि स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत दलित जनजाति आदिबासी मधेशीहरुको लागि क्षमता विकास आय आर्जन सीप विकास कार्यक्रम शिर्षकबाट बजेट बिनियोजन हुने गरी रु. २,००,०००।- (दुई लाख) उपलब्ध गराउने र उक्त कार्यक्रमको सघन अनुगमन वडा नं ५ को कार्यालयबाट गर्ने निर्णय गरियो।

CamScanner

ङ) निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन नेपाल बिर्तामोडलाई विद्यालयस्तरीय सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नका लागि बिर्तामोड नगरपालिकाको आ.ब. ०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत अन्य संस्था सहायता(२५३१५) शीर्षकबाट बजेट बिनियोजन हुने गरी रु. ५०,०००.- पचास हजार उपलब्ध गराउने निर्णय गरियो।

च) कार्यापालिका बैठकबाट अनुमोदन हुने गरि नगर प्रमुखज्यूबाट पतञ्जली योग समिति नेपाललाई दिईएको रु.७०,०००|-(सत्तरी हजार) रकम उपलब्ध गराउन मिति २०८०|०८|२४ गते भएको निर्णय अनुमोदन गरियो।

छ) बिर्तामोड नगरपालिका वडा नं ५ मा रहेको क्षितिज महिला विकास समाज, महिला सुधार गृह तथा पुर्नस्थापना केन्द्रले बिर्तामोड क्षेत्रमा सडकमा रहेका १० जना महिला दुर्व्यसनीहरुलाई आश्रय दिई रहेकाले निजहरुलाई तीन महिनासम्म दैनिक खानपान औषधी उपचार तथा परामर्शका लागि बजेट माग गरकाले उक्त महिला सुधार गृह तथा पुर्नस्थापना केन्द्रलाई बिर्तामोड नगरपालिकाको आ.ब. ०८०/८१ का लागि स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत महिला लक्षित कार्यक्रमबाट रु २,५०,०००|- दुई लाख पचास हजार रकम उपलब्ध गराउने निर्णय गरियो।

ज) बिर्तामोड नगरपालिका भित्रका संस्थागत विद्यालयबाट उपलब्ध गराईएको छात्रवृत्ति नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्न तथा सम्बन्धित वडामा समेत पठाउने प्रक्रिया अगाडि बढाउन नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो।

झ) झापा जिल्ला अनारमनि ३ हाल बिर्तामोड नगरपालिका वडा नं ५ स्थित कित्ता नं १२६६ को क्षेत्रफल १ बिघा ३ कठ्ठा जग्गाको जग्गा वर्गीकरण (आवास क्षेत्रमा) गरि पाउँ भनि जग्गा धनी राधिका तिम्सिनाले दिएको निवेदनमा जाँचबुझ गर्दा उक्त जग्गा बि.स.२०२१ सालको नापी नक्शामा सतानु पैनी (सार्वजनिक उपयोग क्षेत्र) उल्लेख भएको हुँदा उक्त जग्गा भू उपयोग नियमावली २०७९ बमोजिम बिर्तामोड नगर भू उपयोग परिषद् बाट सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण भई सकेकाले सो जग्गा व्यक्तिको नामबाट जग्गा दर्ता बदर गरी सार्वजनिक उपयोग क्षेत्र (सतानु पैनी)को नाममा कायम गर्न मालपोत कार्यालय मार्फत् नेपाल सरकार भूमि सुधार तथा गरिबी निवारण मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

CamScanner